# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०८१।०८२
चलानी नं. : ६१४

मिति : २०८१।०९।०८

## करारमा सेवा लिने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः-२०८१।०९।०८**

कविलासी नगरपालिकाको लागि तपसिलका पदहरुको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा वेबसाइट www.kawilasimun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिल :

(१) विज्ञापन नं. १/२०८१/०८२, पद : ईन्जिनियर, सिभिल (अधिकृत छैठौं)
माग संख्या : १ (एक) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको ।
दरखास्त फारम दस्तुर : रु. १०००।- परीक्षाको किसिम : Short Listing, लिखित र अन्तरवार्ता

(२) विज्ञापन नं. २/२०८१/०८२, पद : सब-ईन्जिनियर, सिभिल (पाँचौ तह)
माग संख्या : २ (दुई) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह वा सो सरह उतिर्ण गरेको ।
दरखास्त फारम दस्तुर : रु. ७००।- परीक्षाको किसिम : Short Listing, लिखित र अन्तरवार्ता

(३) विज्ञापन नं. ३/२०८१/०८२, पद : प्राविधिक सहायक (पाँचौ तह)
माग संख्या : १ (एक) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
**न्यूनतम योग्यता** : क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरेको ।
ख) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
ग) पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभवपारस्परिक सम्बन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिइनेछ ।
दरखास्त फारम दस्तुर : रु. ७००।- परीक्षाको किसिम : Short Listing र लिखित तथा प्रयोगात्मक परीक्षा

(४) विज्ञापन नं. ४/२०८१/०८२, पद : रोजगार सहायक (पाँचौ तह)
माग संख्या : १ (एक) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
**न्यूनतम योग्यता** : क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको ।
ख) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
दरखास्त फारम दस्तुर : रु. ७००।- परीक्षाको किसिम : Short Listing, र लिखित तथा प्रयोगात्मक परीक्षा

(५) विज्ञापन नं. ५/२०८१/०८२, पद : अमिन (चौथो तह)
माग संख्या : १ (एक) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट अमिन कोर्ष उतिर्ण वा सो सरह गरेको हुनुपर्ने ।
दरखास्त फारम दस्तुर : रु. ४००।- परीक्षाको किसिम : Short Listing, लिखित र अन्तरवार्ता

(६) विज्ञापन नं. ६/२०८१/०८२, पद : सहायक कम्प्युटर अपरेटर (चौथो तह)
माग संख्या : १० (दश) विद्यालयको लागि तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी./एस.ई.ई. वा सो सरह उतीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उतीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।
दरखास्त फारम दस्तुर : रु. ४००।- परीक्षाको किसिम : Short Listing, लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता

राज किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

(७) विज्ञापन नं. ७/२०८१/०८२, पद : अ.न.मी (चौथो तह)
माग संख्या : ३ (तीन) आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि । तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. कोर्ष उत्तीर्ण गरेको ।
दरखास्त फारम दस्तुर : रु. ४००।- परीक्षाको किसिम : Short Listing, लिखित र अन्तरवार्ता

(८) विज्ञापन नं. ८/२०८१/०८२, पद : कार्यालय सहयोगी (श्रेणी विहिन)
माग संख्या : ८ (आठ) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट पाँच कक्षा उत्तीर्ण गरेको ।
दरखास्त फारम दस्तुर : रु. ३००।- परीक्षाको किसिम : Short Listing, र अन्तरवार्ता

(९) विज्ञापन नं. ९/२०८१/०८२, पद : महिला कार्यालय सहयोगी (श्रेणी विहिन)
माग संख्या : २ (दुई) वर्थिङ्ग सेन्टरको लागि तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट पाँच कक्षा उत्तीर्ण गरेको ।
दरखास्त फारम दस्तुर : रु. ३००।- परीक्षाको किसिम : Short Listing, र अन्तरवार्ता

(१०) विज्ञापन नं. १०/२०८१/०८२, पद : स्वीपर (श्रेणी विहिन)
माग संख्या : ४ (चार) तलव स्केल : नगरपालिकाले करार सम्झौतामा तोके बमोजिम
न्यूनतम योग्यता : साधारण लेखपढ गर्न जानेको ।
दरखास्त फारम दस्तुर : रु. ३००।- परीक्षाको किसिम : Short Listing, र अन्तरवार्ता

**शैक्षिक योग्यता र अनुभव :**

**(१) नेपाली नागरिक ।**

**(२) दरखास्त बुझाउने स्थान :** नगरपालिकाको कार्यालयमा स्वयम उपस्थित भई तोकिए बमोजिमको दरखास्त फाराम भरी दरखास्त पेश गर्न सकिनेछ ।

**(३) दरखास्त दिने अन्तिम मिति : २०८१।०९।२२ गतेसम्म ।**

**(४) छनौटको किसिम :** माग पद संख्या भन्दा बढी संख्यामा दरखास्त पेश हुन आएमा योग्य ठहरिएका आवेदकहरु मध्येबाट उम्मेदवारहरुको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ । प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट भएका उम्मेदवारहरुलाई मात्र लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता लिइनेछ ।

**(५) परीक्षा केन्द्र :** कविलासी नगरपालिकाको कार्यालय, कविलासी, सर्लाही वा कार्यालयले तोकेको स्थान ।

**(६) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** कविलासी नगर कार्यपालिकाको कार्यायलमा नगद रुपमा दरखास्त दस्तुर बुझाउनु पर्नेछ वा एनआईसी एशिया बैंकमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.१३७२०५००२९२७३००२ मा परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**(७) परीक्षा कार्यक्रम :**
(क) प्रथम चरण : प्रारम्भिक योग्यताक्रम सूची (ख) दोस्रो चरण : लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।

***द्रस्टव्य :***

(क) **दरखास्त फाराम बुझाउने अवधि :** तोकिएको दस्तुर तिरी नगर कार्यपालिकाबाट खरिद गरिएको दरखास्त फारम रीत पूर्वक भरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछिको कार्यालय खुलेको पहिलो दिन सो कार्य हुनेछ ।

राज किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(ख) दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु (अ.लब्धांक पत्र, आ.चारित्रिक प्रमाणपत्र, इ.विदेशी शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि), अनुभव सम्बन्धी कागजात (अनुभव भएको खण्डमा), प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति र नेपाली नागरिकताको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।

(ग) प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्ने छ ।

(घ) उम्मेदवारको उमेर हद :

१) छैठौं तहको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

२) पाँचौ र चौथो तह तथा श्रेणी बिहिनको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(ङ) प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

(च) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(छ) सेवा करारको अवधि २०८२ असाढ मसान्तसम्मको लागि रहनेछ र काम सन्तोषजनक नभएमा जुनसुकै समयमा सेवाबाट हटाउन सकिनेछ ।

(ज) लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुने मिति पछि प्रकाशन गरिनेछ ।

(झ) **सेवा सुविधा तथा अन्य** :- सेवा करारमा जनशक्ति छनौट तथा भर्ना सम्बन्धी कार्यविधि, २०८० तथा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । आवेदनको ढाँचा तथा प्राविधिक सहायक र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी नगरपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ ।

(ञ) अन्य आवश्यक बुझ्नु परेमा : कार्यालय समय भित्र प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

राज किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत




CamScanner